१९८ 1680

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त ,यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६/२०७१/०७२

निर्णय नं. ७४०

काठमाडौं जिल्ला मनमैंजु गा.वि.स. लामबगर बस्ने शिव प्रसाद अधिकारी ......................१ पुनरावेदक

**विरूद्ध**

सदस्य सचिव, समाज कल्याण परिषद्, लैनचौर, काठमाडौं ......................................१ विपक्षी
कार्यकारी निर्देशक, समाज कल्याण परिषद्, लैनचौर, काठमाडौं ..................................१
ऐ.ऐ. का सूचना अधिकारी ......................................................................................१

**विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।**

काठमाडौं जिल्ला मनमैंजु गा.वि.स. लामबगर बस्ने शिव प्रसाद अधिकारीले समाज कल्याण परिषद्, लैनचौर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०४।२६ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।०४।१९, २०७१।०९।२४, २०७२।०२।२१ र २०७२।०५।१४ को पत्रबाट समाज कल्याण परिषद्, लैनचौर, काठमाडौंलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात समाज कल्याण परिषद्को मिति २०७१।१०।२५ को पत्रबाट सूचना उपलब्ध गराएको । पुनरावेदकले पूर्ण सूचना नपाएको भनी मिति २०७२।०१।०६ मा पूनः उजरी गरेको । तत् पश्चात आयोगको मिति २०७२।०२।२१ र २०७२।०५।१४ को पत्रबाट सूचना उपलब्ध गराउनु भनी पत्राचार गरेको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेको बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ चैत्र ११ गत रोज ५ शुभम्